# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
### बागमती प्रदेश, नेपाल

पत्र संख्याः- २०७९/०८०

## व्यवसाय दर्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रकाशित मितिः २०७९/०७/०२)

मरिण गाउँपालिका क्षेत्र भित्र स्थापना भई संञ्चालित विभिन्न व्यवसायहरुलाई कानूनी दायरामा ल्याउने प्रयोजनार्थ हाल सम्म दर्ता नभएका एवं नगरिएका तथा दर्ता गरेर पनि तोकिएको समयावधि भित्र नवीकरण नगरिएका सबै व्यवसायहरु यो सूचना प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा देहाय बमोजिमका आवश्यक कागजातहरु संलग्न गरी दर्ता तथा नवीकरण गर्न गराउन हुन सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ । अन्यथा गाउँ कार्यपालिकाको कार्यालयद्वारा गरिने अनुगमनका क्रममा उल्लिखित मिति भित्र आफ्नो व्यवसाय दर्ता तथा नवीकरण गरेको नपाईएमा प्रचलित कानून बमोजिम जरिवाना एवं कार्वाही हुने व्यहोरा सूचित गरिन्छ ।

**तपसिल**

| व्यवसाय दर्ता | | व्यवसाय नवीकरण | | कैफियत |
|---|---|---|---|---|
| क.सं. | आवश्यक कागजातहरु | क.सं. | आवश्यक कागजातहरु | |
| १ | ➢ निवेदन<br>➢ वडा कार्यालयको सिफारिस<br>➢ सरजमिन मुचुल्का<br>➢ नागरिकताको प्रतिलिपि<br>➢ जग्गाधनी पुर्जाको प्रतिलिपि<br>➢ जग्गाको तिरो तिरेको रसिद<br>➢ जग्गा/घर भाडामा भए बहाल सम्झौता पत्र/मञ्जुरीनामा<br>➢ बहालमा भए जग्गा/घरधनीको नागरिकता तथा जग्गाधनी पुर्जाको प्रतिलिपि<br>➢ ऐलानी जग्गाको हकमा सम्बन्धित वडाको सिफारिस | १ | ➢ निवेदन<br>➢ स्थायी लेखा नं. (PAN) को प्रतिलिपि<br>➢ गत आ.व. २०७८/०७९ मा नवीकरण शुल्क बुझाएको निस्सा/राजश्व तिरेको रसिद<br>➢ व्यवसाय दर्ता प्रमाणपत्र (सक्कलै) | |

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत